# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## दोरम्बा गाउँपालिका
## रामेछाप

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

दोरम्बा गाउँपालिका

रामेछाप

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

दोरम्बा गाउँपालिका

रामेछाप

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१,जेष्ठ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

बागमती प्रदेश

मितिः२०८१।०२।१४

प.सं. २०८०।८१

च.नं. २०९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,

दोरम्बा गाउँपालिका, दोरम्बागाउँ कार्यपालिकाको कार्यालय,

दोरम्बा, रामेछाप ।

१. **कैफियत सहितको राय** — हामीले दोरम्बा गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१३ करोड ६४ लाख ७८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रू. १३ करोड ४४ लाख ७८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १३ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु. १ लाख ३४ हजार समेत रु.२० लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ९ करोड ४३ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ६३ लाख ३१ हजार रहेको छ ।

दोरम्बा गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने दोरम्बा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी दोरम्बा गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकर प्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

दोरम्बा गाउँपालिका,

रामेछाप, जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फर्स्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५४ | ३७ | १३६४७८ | ४ | २३ | १३४४७८ | ५० | १४ | २००० | ५०३ | १३४ | १३६३ | ० | ० | २००० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रामेछाप | ९४९६२ | ० | ६३१ | ९४३३१ | ० | २००० | ९६३३१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ६ | मिति २०८०।०९।२१ को निर्णयबाट सम्परीक्षण | ० |
| २ | | २१ | प्रमाण पेश गरी नियमित | ३९,७३,९८३।०० |
| ३ | | ३२ | सम्परीक्षण सदर गरीएको | ० |
| ४ | | ४६ | श्री कालिका मा वि रिष्टेको दाखिला प्रमाण | २६,४५७।०० |
| ५ | | ४७ | ठेक्का प्याकेजिङ्गको प्रमाण दाखिला | ७,६७,८०,१३४।०० |
| ६ | | ४८ | शैलुङ्क ग्रीन सोसाइटी नेपालको कर दाखिला | ४६,७१०।०० |
| ७ | | ४९ | रुपा सुर्के जेभिको कर समायोजन प्रमाण पेश | ९,५७,०३१।०० |
| ८ | | ५० | रुपा सुर्के जेभिको विमाको प्रमाण पेश | ३,०९,३१२।०० |
| ९ | | ५२ | रुपा सुर्के जेभिको सम्झौता नियमित | ५,०४,१९,५७१।०० |
| १० | | ५४ | २०८०।०९।२१ को निर्णयबाट सम्परीक्षण | ० |

| | | | | |
|---|---|---|---|---|
| ११ | | ५५ | पारीश्रमिक कर दाखिला | २६,६८०।०० |
| १२ | | ५७ | वढि भुक्तानी भएको रकम दाखिला प्रमाण | ३६,०००।०० |
| १३ | | ६३ | निस्कृय खातामा भएको रकम दाखिला प्रमाण | १६,००,०००।०० |
| १४ | | ६४ | दोहोरीएको सा सुको दाखिला प्रमाण | ३,०२,३२४।०० |
| | ०७९ ।०८० को कुल जम्मा | | | १३,४४,७८,२०२।०० |
| १५ | ०७७।०७८ | ५६ | उत्कृष्ट विद्यालय अनुदानको कार्यसम्पन्न र अनुगमन प्रतिवेदनको प्रमाण पेश भएकोले मिति २०८०।१२।११ को निर्णयवाट सं पं | ४,५०,०००।०० |
| १६ | | १७.२ | काकलिङ उच्च माविको वाँकी रकम असुल दाखिलाको प्रमाण पेश भएकोले मिति २०८०।१२।१३ को निर्णयवाट सं पं | २०,७०६।०० |
| १७ | | २७ | महंगी भत्ताको असुल प्रमाण पेश भएकोले मिति २०८०।१२।१३ को निर्णयवाट सं पं | १२,०००।०० |
| १८ | | ९ | करारलाई महंगी भत्ताको असुल प्रमाण पेश भएकोले मिति २०८०।१२।१३ को निर्णयवाट सं पं | १,४४,०००।००५ |
| १९ | | ५७ | न्यु सिम्रन इन्टरप्राइजेजलाइ वढि भुक्तानी दाखिला प्रमाण पेशका आधारमा मिति २०८०।१२।१३ को निर्णयवाट सं पं | ३,९५५।०० |
| | ०७७।०७८को जम्मा | | | ६,३०,६६१।०० |
| | | | **कुल जम्मा** | **१३५१०८८६३।००** |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१

**(क) कार्यालय परिचय** :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१५ देखि २०८०।०५।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- कार्यालयको प्राप्ति तथा भुक्तानी रु.१,३२,०४,२८,३३७।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ११,९७०।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता वापत | ११९७० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण**

**गाउँपालिकाको आन्तरिक नियन्त्रण पद्दतिका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ :**
स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।
वजेट व्यवस्थापनतर्फ :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्वन्धित निकायमा पेश गरेको प्रमाण उपलव्ध भएन।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको देखिएन ।
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेको सम्वन्धमा प्रमाण पेश हुन आएन ।
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरी आगमी वर्षका लागि सुधारको मार्गचित्र तयार गरेको देखिएन ।

भ्रमण खर्च व्यवस्थापनतर्फ :

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख खडा गरी व्यवस्थित गरेको देखिएन ।
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिई प्रतिवेदनका व्यहोरा कार्यान्वयन गरेको देखिएन ।

खरिद व्यवस्थापन तर्फ :

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन ।
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेकोसम्वन्धमा प्रमाण पेश गरेको छैन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन ।

- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण अनिवार्य नगरेकोले योगदान प्रतिशतमा असमानता हुनुका साथै योजना निर्माणको वास्तविक अवस्था यकिन भएन ।
- स्थानीय तहले निर्माण व्यवसायी मार्तफतको कार्यमा गुणस्तर परीक्षण गरेको प्रमाण संलग्न गरे पनि उपभोक्ता समिति मार्फत गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको देखिएन ।
- उपभोक्ता समिति मार्फत गरेको सबै कार्यको अनुगमन गरेको पाइएन साथै अनुगमन गरेका कार्यमा समेत अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भएको सम्वन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्यान्वयन अवस्थासंग आवद्द गरेको देखिएन ।

शिक्षातर्फ :

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन भएको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको देखिएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन ।

विविध तर्फ :

- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको पाएयो भने इ.टी.डि.एस. गर्ने गरेको देखिएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन ।

- विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी कायम गर्नुपर्दछ ।
- म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन ।
- पालिकाले लेखापरिक्षण अवधिसम्म पनि आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छैन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदनका व्यहोराहरु समेत कार्यान्वयनमा ल्याई सुधार गर्नु पर्दछ ।

३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याँक संकलन , अभिलेखाकंन र सो को व्यबस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी ,जंगल तथा अन्य स्रोत ,पूर्वाधार अन्तर्गत सडक,पुल,खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साँकन सहितको पालिका प्रोफाइल तयार गर्नु पर्ने व्यबस्था छ । पालिकाले स्थानीय तथ्याँक सम्बन्धी नीति,कानून र सो को मापदण्ड बनाएको तथा स्रोत नक्साँकन गरेको देखिएन् ।स्थानीय तहका प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्याँकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सो को अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

४ **आय अनुमान**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यबस्थापन गर्न सक्ने व्यबस्था छ । पालिकाले पेश गरेको आय —व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत दस्तुर वापत अनुमानित रु ३५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक बर्ष २०७९/८० मा रु ६९ लाख ९१ हजार अर्थात् अनुमानभन्दा ११९.७४ प्रतिशत बढी आय गरेको छ । आम्दानीका अन्य स्रोत पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५ **आन्तरिक आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४को दफा ६६बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०७९।८०मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८९५९०००० | ६९९१३५७ | १.७४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आयबृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ६ कर तथा शुल्क असुली

........... *(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०।०९।२१ को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

## ७ राजश्व अभिलेख

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालय को ध्यान जानुपर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतःकार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

## ८ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ९ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सो को सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धा रण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र१५गते भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

## १० बजेट तथा कार्यक्रम तर्जुमाः

स्थानीय सरकार संचालन ऐन,२०७४ मा स्थानीय तहहरुले स्थानीय स्तरको विकासका लागि आवधिक, रणनीतिक र विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागु गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी अन्तर सरकारी वित्त

व्यवस्थापन ऐन,२०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यकालिन खर्च संरचना तयार गर्ने र आय व्यय प्रक्षेपण गर्नुपर्ने व्यवस्था रहेको छ । अत् स्थानीय तहले नीति तथा कार्यक्रम निर्माण गर्दा राष्ट्रिय तथा प्रादेशिक दिर्घकालिन सोच, आवधिक योजना र क्षेत्रगत प्राथमिकता अनकुल नीति तथा कार्यक्रम तयार गर्नुपर्दछ ।त्यसैगरी आवधिक योजना तथा वार्षिक बजेट विनियोजन गर्दा नीति तथा कार्यक्रमसंग तारतम्यता हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न नीति तथा कार्यक्रममा तय गरिएका क्षेत्रमा बजेट विनियोजन गरेको देखिदैन भने एवम् नीति तथा कार्यक्रममा नसमेटिएका विषयहरुलाई वजेट विनियोजन गरिएको छ । राष्ट्रिय,प्रादेशिक तथा दिर्घकालिन लक्ष्य प्राप्ति गर्नका लागि आवधिक योजना , मध्यकालिन खर्च संरचना , नीति तथा कार्यक्रमसंग सामन्जयश्यता हुने गरि बजेट तर्जुमा गर्न ध्यान दिनुपर्दछ ।आ.व २०७९।०८० मा नीति तथा कार्यक्रममा समावेश भएका तर बजेटमा नपरेका कार्यक्रमहरुका केहि उदाहरण निम्नानुसार छन् ।

| क स | क्षेत्र | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | पूर्वाधार | पालिका स्तरिय सडक गुरुयोजना तथा शैलुङ गाउँपालिकाका मुख्य सडक कालोपत्र गर्ने | बजेटमा समावेश नभएको |
| २ | पूर्वाधार | वजार क्षेत्रमा बन्ने घरहरुमा भवन निर्माणको नम्स अनुरुप मात्र अनुमति दिने | कार्यान्वयनमा नआएको |
| ३ | उद्योग तथा सहकारी | दोरम्बा शैलुङ गाउँपालिकामा १ बर्ष भित्र एक औद्योगिक ग्रामको स्थापना गरिने | अन्य कार्यक्रममा रकमान्तर गरीएको |
| ४ | शिक्षा, युवा तथा खेलकुद | शिक्षकले प्रधानाध्यापक तथा प्रधानाध्यापकले गाउँपालिका सँग सम्झौता गरी शिक्षण सिकाईलाई प्रभावकारी बनाउने | कार्यान्वयनमा नआएको |

## ११ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।०९ मा रु.५८ करोड १८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१०मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।०५।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

## १२ पूँजीगत बजेट चालु प्रकृतिका खर्च

पुँजी सृजना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजिको निर्माण हुने एवं उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शिर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ ।यस स्थनीय तहले देहाय बमोजिमका पूँजिगत निर्माणमा सहयोग नरहने, उत्पादन वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघसंस्था, समूह, क्लबलगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ५३६८८४ भुक्तानी दिएको पाइयो।

| क सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | प्रिन्टो हब ट्रेड लिंक प्रा लि | वडा २ को चिनारी प्रकाशन | २९६०१८ |

| | | | |
|---|---|---|---|
| २ | नेपाल मगर महिला संघ | माघी पर्व | ५०००० |
| ३ | बिउ आलु श्रोत केन्द्र व्यवस्थापन कार्यक्रम | बिउ आलु श्रोत केन्द्र व्यवस्थापन कार्यक्रम | १९०८६६ |
| | **जम्मा** | | ५३६८८४ |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१३ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभीमेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमतिलिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभीमेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। आवश्यक परेमा नियमानुसार सहमति लिएर मात्र प्राविधिकको सिफारीसमा उपकरणहरु प्रयोग गर्नुपर्दछ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छनः

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ५० | दोरम्बा सारनागी थानसिङिग उ स | नयाँ ट्र्याक खन्ने काम | ५२८२०३ | एक्साभेटर | २०७१२९ |
| ५७ | रजमन्टार कृषि सडक | सडक स्तरोन्नती | ४८४३२१ | एक्साभेटर | १५०००० |
| ७४ | दोरम्बा वर्खुवा खरीढुँगा सडक | सडक स्तरोन्नती | ९४८३६४ | एक्साभेटर | ६८०३८८ |
| ३२९ | दाउन्ने खारेपानी सडक स्तरोन्नती | दाउन्ने खारेपानी सडक स्तरोन्नती | २३९७३९ | एक्साभेटर | १२७८०० |

१४ **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेसगर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१९ लाख ७० हजार अबण्डा बजेट व्यवस्था गरी २२ योजनामा रु.१९ लाख ७० हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहरण देहाय अनुसार छन्

| क्र सं | कोषको नाम | योजनाको नाम | संख्या | बजेट / खर्च |
|---|---|---|---|---|
| १ | अध्यक्ष जगेडा कोष | विभिन्न सडक मर्मत | १२ | ७२०००० |
| २ | उपाध्यक्ष जगेडा कोष | विभिन्न सडक मर्मत<br>२५हजार देखी ५लाखसम्मका योजना | १० | १२५०००० |

१५ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार वडाको लागि वडागत ३०८ र पालिकास्तरका लागि २०६ कुल ५१४ योजनामा वजेट विनियोजन गरेको छ।

| क. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २०६ | ५ | ११ | १९० |
| २ | वडास्तरीय | ३०८ | १ | ४ | ३०४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन लक्ष्य प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।यो वर्ष सभाले पारित गरेका उल्लेखित ५१४ योजना मध्ये के कति योजना कार्यान्वयन भए र कति योजना कार्यान्वयन हुन सकेनन् सोको विवरण पालिकावाट प्राप्त नभएकोले योजना कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्न सकिएन। पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, आर्थिक सहयोग जस्ता शिर्षकबाट ५२५ थान त्रिपाल खरिद गरी नेपाल टेन्ट एण्ड टारपोलिन हाउसर सगरमाथा डेकोरलाई क्रमश रु.४९०७४५।०० र रु२७१७६५।००भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये पालिकाले ३९७ थान सामग्री वडाहरुमा वितरणकोलागि पठाएकोमा १४७ थान वितरण गरेको विवरण पेश भएतापनि बाँकी २५० थानवितरणको प्रमाणित भरपाई पेश भएको छैन पालिकाले वांकी २५० थान स्टोरमा रहेको जनाएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिंदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ । साथै उक्त सामग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई पालिकाले संलग्न नगरेको हुँदा लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६२,५१० |

१७ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको

बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७८।७९ मा टम्चेल खोला झो.पूको रु.१५५९१३५ भुक्तानी दिन बाँकी रहेको बिबरण त्यसै गरी आगामी बर्षका लागी विभिन्न ३ आयोजनामा ३६३२४८३ दायित्व सारेको छ । यसैगरी यस आ.व को दायित्व बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

## १८ रकमान्तर रकम

यस वर्ष गाउँसभाबाट पारित भएका योजना तथा कार्यक्रमबाट अन्य कार्यक्रममा रु १ करोड १४ लाख रकमान्तर भएको देखिन्छ ।

| क्र. स | विनियोजित कार्यक्रम | रकम | विनियोजन भएका कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | दोरम्बा शैलुङ गाउँपालिकामा १ बर्ष भित्र एक औद्योगिक ग्रामको स्थापना गरिने | १ करोड | विभिन्न ३० कार्यक्रममा | १ लाख देखि ५ लाख सम्मका |
| २ | स्थानिय पाठ्यक्रम को लागि पाठ्यकपुस्तक तयारी | ७ लाख | विभिन्न ३ कार्यक्रम पर्यटन सुचना केन्द्र खानेपानी, खेलकुद , | ५० हजार देखि ५ लाख सम्म |
| ३ | दलित जनचेतना कार्यक्रम | ७ लाख | सडक मर्मत विद्यालय र २ विद्या लय व्यबस्थापनमा खर्च | १ लाख देखि ४ लाख सम्मका कार्यक्रम |

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आवस्यकताको पहिचान गरी योजना तर्जुमा गर्नुपर्ने साथै दफा ७९ अनुसार चालू खर्चबाट पूजिगत शिर्षकमा बढीमा २५ प्रतिशत सम्म रकमान्तर गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले मिति २०७९।१०।१५ बसेको कार्यपालिकाको निर्णयले बजेट रु १ करोड १४ बजेट ३५ वटा योजनाको लागि रकमान्तर गरेको छ । एक पटक आवस्यकता महसुस गरी योजना तर्जुमा गरिसकेपछि आ.व को अन्त्य तिर रकमान्तर गरी अन्य योजनामा बजेट विनियोजन गरी बर्षान्तमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

## १९ ठेक्का बन्दोवस्त

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम / शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | १३ | ११७८०००००।०० | ० | ० | ४ | १०८४०००००।०० | ९ | ९४०००००।०० | १३ | ११७८०००००।०० |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू. ११ करोड ७८ लाख ०० हजार लागतको१३ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु. करोड ० लाख ० हजारको ० ठेक्का, दोश्रो चौमासिकमा रु. १० करोड ८४ लाखको ४ ठेक्का र तेश्रो चौमासिकमा रु. ९४ लाखको ९ ठेक्का व्यवस्थापन भएको देखिन्छ ।यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये

वर्षान्त सम्ममा रू. ११ करोड ७८ लाख बराबरको१३ ठेक्का मात्र सम्पन्न भएको अवस्था छ । यसरी अन्तिम चौमासिक वा वर्षान्तमा बढी कार्यक्रम सञ्चालन गर्दा आउन सक्ने नकारात्मक स्थिति तर्फ ध्यान दिनुपर्दछ ।

## २० सहकारी संस्थाको विवरण

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा कृण सहकारी संस्था लि. | ४ | १२२३ | ४५३६८००।०० | ४१८५३०१६।०० | ५३०२८५६९।०० | २२२६७६५।०० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | २ | ४०२ | ११५४०१२ | ० | ११२९०१२ | ३००००० |
| कृषि सहकारी संस्था लि. | ११ | २८८३ | ५६५०५०० | ५२१९६१८७ | २९७८३६३३ | १४१६०२२।८० |

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा संविधान बमोजिम स्थानीय तहको एकल अधिकारका क्षेत्रहरुमा पालिकाले निर्वाह गर्नुपर्ने काम, कर्तव्य र अधिकार तोकिएको छ । सोहि बमोजिम स्थानीय तह अन्तर्गत रहेका सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

## २१ परामर्श सेवा खरिद

........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।०६ को निर्णयबाट रु.३९,७३,९८३।०० सम्परीक्षण गरिएको ।)*

## २२ स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० सार्वजनिक निकायले स्वीकृत लागत अनुमान अनुसार तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले निम्नानुसारको निर्माण कार्यको रकम भुक्तानी गर्दा कार्यसम्पन्नका आधारमा भुक्तानी दिनुपर्नेमा मू.अ.कर विजक तथा अन्य विलहरु बढी पेश गरी सोही बमोजिम बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| गो भौ नं र मिति | उ स को नाम | भुक्तानी आइटम | कार्य सम्जन्त्र अनुसार भुक्तानी परिमाण | विलअनुसार | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ५६ | पुन्चेन मिलेन चोक सार्वजनिक शौचालय र पिपलबोट चौतारा | Gabion jali | ९१ घन मिटर | ७६ | ४०१३.४६ | ५८१९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६३ | देउराली सिनेडाँडा सडक ग्याबीन सहितकव कार्य | सिमेन्ट | ८०बोरा | ४० | ८३५ | ३३१४७ |
| ३३७ | रिठ्ठेपानी आधारभुत स्वास्थचौकी मर्मत संभार | सिमेन्ट तथा वालुवा | ७० | ५३ बोरा सिमेन्ट र १ ट्रिप वालुवा | ८३५ र १९५०० | ३३६९५ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २२.१ | देउराली सिनेडाँडा सडक ग्याबीन सहितकव कार्य | ३३,१४७ |
| २२.२ | पुन्चेन मिलेन चोक सार्वजनिक शौचालय र पिपलबोट चौतारा | ५८,१९५ |
| २२.३ | रिठ्ठेपानी आधारभुत स्वास्थचौकी मर्मत संभार | ३३,६९५ |
| | असुल गर्नुपर्ने | १,२५,०३७ |

२३ **डिजेलको विल**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार कुनै निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने र नियम ९७(६) मा उपभोक्ता समितिले निर्माण कार्यको नापी किताव सहित आवस्यक विल भरपाई सहित भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न नया ट्र्याक तथा सडक स्तरोन्नती कार्य उपभोक्ता समितिबाट गराईको अवस्थामा मेसिन प्रयोगको लागत अनुमान डिजल सहितको मेसिन प्रयोग गर्ने रेटको आधारमा तयार गरेको अवस्थामा कार्य सम्पन्न भएकोमा कुल मेसिनले कार्य गरेको कुल परिमाणको आधारमा उक्त मेसिन स्पलायर्सको डोजर प्रयोगको विल पेश गर्नुपर्नेमा विभिन्न फ्यूल सेन्टरको डिजेल प्रयोग गरेको विल पेश गरी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने

| भौचर नं | उपभोक्ता समितिको नाम | प्रयोग भएको उपकरण | कार्य सम्पन्न अनुसार प्रयोग भएको समय | नर्म्स अनुसार हुनुपर्ने समय | वढि भएको समय | प्रति घण्टा दर | बढी भएको रकम |
|---|---|---|---|---|---|---|---|
| ५० | दोरम्बा सारनागी थानसिंह सडक उपभोक्ता समिति | एक्साभैटर | १४४ | ९४ | ५० | २२०३ | ११०१७५ |
| ८४ | घट्टेखोला डाँडागाउँ सडक स्तरोन्नती | एक्साभेटर | ७०।७३ | ५३ | १७।७३ | ४३५० | ७७१२५।५ |
| ३२१ | अल्छेढुँगा सिस्नेरी आलमपुर सडक स्तरोन्नती | एक्साभेटर | ९२ | ६० | ३२ | ४३५० | १३९२०० |
| | जम्मा | | | | | | ३२६५००।५ |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| २३.१ | अल्छेढुँगा सिस्नेरी आलमपुर सडक स्तरोन्नती | १,३९,२०० |
| २३.२ | घट्टेखोला डाँडागाउँ सडक स्तरोन्नती | ७७,१२५.५ |
| २३.३ | दोरम्बा सारनागी थानसिंह सडक उपभोक्ता समिति | १,१०,१७५ |
| | असुल गर्नुपर्ने | ३,२६,५००.५ |

२४ **स्थानिय पाठ्यक्रम**

स्थानिय पाठ्यक्रमः ४७।२०८०।३।१९ स्थानिय पाठ्यक्रम निर्माण कक्षा १ देखि ८ सम्म निर्माण गर्ने अधिकार शिक्षा नियमावली तथा निर्देशिकाले स्थानिय तहलाई नै जिम्मेवारी दिएको छ।सोही अनुरुप पालिकाले पनि हाम्रो दोरम्बा शैलुङ नामक स्थानिय पाठ्यक्रम निर्माण गरी श्री शोभा सु लक्ष्मी इन्टरप्राइजेज बाट २१०० प्रति रु १८७।५८ का दरले प्रिन्ट गरी जम्मा रकम रु ३९३३१८ भुक्तानी गरेको देखिएको छ, पालिका भरी मौजुदा शिक्षकको संख्या हेर्दा जम्मा २२३ जना देखिएको छ । छपाई पुस्तक र मौजुदा शिक्षक हेर्दा प्रति शिक्षक १० वटा पुस्तक पर्ने देखिन्छ । यसरी माग आकलन नगरी पुस्तक छपाई गर्ने कार्यलाई सुधार गरी माग आकलनका आधारमा मात्र आगामि कार्य दिशा सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

२५ **आर्थिक सहायता**

गाउँपालिकाको विपद् व्यबस्थापन कोष नियमावली, २०७५ को नियम (७)मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीती तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले कार्यपालिकाबाट निर्णय गराई नियमावली क्षेत्र बाहिरका ७७ जना लाई १० हजार देखि ३० हजार सम्म ११ लाख ४० हजार खर्च गरेको देखिन्छ । आर्थिक सहायतालाई विपत् बाट खर्च नगरी आर्थिक सहायता कोष खडा गरी व्यबस्थापन गर्नुपर्दछ ।

२६ **योजना कार्यान्वयन**

योजना सम्पन्न गर्न लाग्ने अवधि समायवधि तथा लागतका आधारमा वार्षिक लक्ष्य निर्धारण गरि आवश्यक श्रोतको सुनिश्चितता पश्चात योजना संचालन गरिनुपर्दछ । यस कार्यालय अन्तर्गत संचालित अधिकाशं योजना सम्पन्न गर्ने अवधि कुल लागत तथा वार्षिक लक्ष्य निर्धारण एवम् बजेट विनियोजन विच सामन्जश्यतता देखिएन । तसर्थ योजना संचालन गर्दा संचालित योजना तोकिएको समयमा अपेक्षित प्रतिफल प्राप्त हुनेगरि कार्यक्रम संचालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।केहि योजनाका उदाहरण निम्न छन्

| योजना | अघिल्लो वर्ष | यस वर्ष | आगामी वर्ष |
|---|---|---|---|
| डोरुखानी सामुदायिक भवन | ढलानमात्र भएको | ईट्टाको गारो र भवन १ लाख | ढोका झ्याल बजेट छैन |
| ६दहपातल सामुदायिक भवन | ट्रष्टमात्र भएको | ईट्टाको गारोमात्र लगाएको ४७७४६० | झ्याल ढोका बाँकी छैन बजेट |
| मानेमगर सामुदायिक भवन मर्मत | ढलानमात्र भएको | गारो झ्याल ढोका ३ लाख | रंगरोगन र बत्तीको काम बाँकी हाल बजेट छैन |
| श्री काकलिङ मा वि सभा हल | ट्रष्ट आधामात्र गरेको | ट्रष्ट पुरा गारो प्लाष्टर बाहिरीमात्र ५ लाख | बांकी कामको लागि बजेट छुटाएको छैन |

२७ **प्रधान मन्त्री रोजगार कार्यक्रम**

बेरोजगार जनतालाई निर्वाहमुखिको १०० दिन सम्म बर्षभरीमा रोजगारी दिने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याइएको हो ।पालिकामा यस बर्ष जम्मा ११३ जना बेरोजगार संख्या दर्ता भएकोमा पालिकाले ८ वटा कार्यक्रम सञ्चालन गरी जम्मा रकम रु ३२९६९१२ खर्च गरेको देखिएको छ । जसबाट ८९ जना बेरोजगार श्रमिकलाई न्युनतम ४५दिन देखि अधिकतम ७८ दिन र औषतमा ६२ दिन सम्मको रोजगारी सिर्जना भएको देखिएको छ ।

२८ **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २८-२०७९।९।२६ | दहपातल सामुदायिका भवन निर्माण | भवन निर्माण | ४८३६२६ |
| १६४-०७९।३।३३ | शहिद मित्रमणी टंक स्मृती भवन निर्माण उ.स. | भवन निर्माण | १४७०००० |
| १८०-०७९।३।२४ | भूमि आ.वि. भवन निर्माण उ.स. | भवन निर्माण | २९३७१२४ |

२९ **कन्टेन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र त्यस्तो रकम सम्बन्धित आयोजनामा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक बर्ष २०७९।८०मा विभिन्न आयोजना तथा योजनामा बाट के कति रकम कन्टिजेन्सी कट्टा गरी के के कार्यमा खर्च भयो सो को व्यबस्थित अभिलेख राखेको पाइएन् । खर्च प्रणाली लाई व्यबस्थित बनाउन अभिलेखलाई व्यबस्थित गराउन लेखाँकन गराउनुपर्दछ ।

३० **जिन्सी निरीक्षण**

- *........... (प्रारम्भिक प्रतिवेदन उपर जिन्सि प्रतिवेदन पेश भएको आधारमा मिति २०८०।०९।१७ को निर्णयबाट सम्परीक्षण गरिएको ।*

३१ **गत बर्षको दायित्व**

- *........... (प्रारम्भिक प्रतिवेदनको दफा १७ मा बेरुजु दोहोरिन गएकोले यो दफा हटाइएको छ ।*

३२ **फर्मको दररेटलाई मात्र आधार लिई लागत अनुमान तयार**

✍ ........... *(प्रारम्भिक प्रतिवेदन उपर २०८०।०९।१७ को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

३३ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु हजारमा

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३९९३८ | ३१७२९ | ७९।४५ |
| २ | पूर्वाधार विकास | २५७८८२ | २२०००१ | ८५।३१ |
| ३ | सामाजिक विकास | २४३१२८ | २११९५१ | ८७।१८ |
| ४ | बातावरण तथा विकास | ५४०० | ५३१३ | ९८।४ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १६७९० | १५६१७ | ९३।१३ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ६७२३३ | ४७३५३ | ७०।४३ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पुर्वाधार विकासमा सबै भन्दा बढी र वातावरण तथा विकासमा सबै भन्दा घटी वजेट विनियोजन भएको छ। अतः आर्थिक विकास र सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र लगायतमा पर्याप्त बजेट विनियोजन गरी सुधार गर्नुपर्दछ।

३४ **खर्च बिश्लेषण**

३४.१ नगरपालिका/गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३००४०२६००।०० | २५८४३०७२०।०० | ८६।०३ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु ३००४०२६००।०० विनियोजन गरेकोमा रु २५८४३०७२०।०० खर्च गरेको छ जुन ८६।०३ प्रतिशत मात्र हुनआउँछ ।

३४.२ पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ । पालिकाको यस आर्थिक वर्षको बजेट र चालु खर्चको अवस्था देहाए बमोजिम रहेको छ

| क.स. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३२९९६९४००।०० | २७३५३५५५९।५२ | ८२।९० |

पालिकाले यस वर्ष चालु तर्फ रु३२९९६९४००।०० विनियोजन गरेकोमा रु २७३५३५५५९।५२ खर्च गरेको छ जुन ८२।९० प्रतिशत हुन आउँछ ।

३४.३ पालिकाले यसवर्ष कुल आन्तिरक आय तथा राजस्व बाँडफाँडबाट रु१०२३५४०२३ र अनुदानबाट रु ४३२४४७५०० समेत रु ५३४८०१५२३ आम्दानी भएकोमा चालु तर्फ रु २७३५३५५५९ र पूँजिगत तर्फ रु २५८४३०७२० समेत रु

५३१९६६२७९खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८२।९०प्रतिशत चालु र ८६।०३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३५ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ४२८६५४९७।०० | २६६५९१७।०० | १७३९०७९।०० | ३८४६०५०१।०० | | २७३७५२९३।०० |
| २ | प्रदेश पूँजीगत | ५५५२६६९७।०० | ० | ७६८५८७५।०० | ४७८४०८२२।०० | | १२६६७२८५।०० |
| ३ | गाउँपालिका पूँजीगत तथा अन्य | १६००३८५२६ | ४०१५५७३।०० | ३१४७७३८८ | १२४५४५५६५।०० | | ५७६७३८३९।०० |
| | कूल खर्च | २५८४३०७२० | ६६८१४९० | ४०९०२३४२ | २१०८४६८८८ | | ९७७१६४१७ |
| | खर्च प्रतिशत | | २।५९ | १५।८२ | ८१।५९ | | ३७।८१ |

पालिकाले उपलव्ध गराएको विवरण अनुसार कुल पुँजिगत खर्च रु२५८४३०७२० भएकोमा प्रथम त्रैमासिकमा रु६६८१४९० ( २।५९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु ४०९०२३४२ ( १५।८२ प्रतिशत), र तेस्रो त्रैमासिकमा रु२१०८४६८८८ (८१।५९ प्रतिशत), खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ९७७१६४१७ (३७।८१ प्रतिशत), खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्विकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ ।

३६ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५६,५८,७२,०००.०० | ५४,०९,३०,०२५.५१ | | ५४,०९,३०,०२५.५१ | ५३,६६,२१,४९४.०९ | | ५३,६६,२१,४९४.०९ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५६,३३,७२,०००.०० | ५३,४८,०१,५२३.५१ | ०.०० | ५३,४८,०१,५२३.५१ | ५२,८८,९०,३३७.०९ | ०.०० | ५२,८८,९०,३३७.०९ |
| ११००० कर | ११ | १२,०३,९६,०००.०० | १०,२३,५४,०२३.५१ | ०.०० | १०,२३,५४,०२३.५१ | ९,७३,०५,०७०.२६ | ०.०० | ९,७३,०५,०७०.२६ |
| १३००० अनुदान | | ४४,२९,७६,०००.०० | ४३,२४,४७,५००.०० | ०.०० | ४३,२४,४७,५००.०० | ४२,५३,२७,०००.०० | ०.०० | ४२,५३,२७,०००.०० |
| संघीय सरकार | १२ | ३८,०२,३७,०००.०० | ३६,९७,०८,५००.०० | ०.०० | ३६,९७,०८,५००.०० | ३६,१८,२५,०००.०० | ०.०० | ३६,१८,२५,०००.०० |
| प्रदेश सरकार | १२ | ६,२७,३९,०००.०० | ६,२७,३९,०००.०० | ०.०० | ६,२७,३९,०००.०० | ६,३५,०२,०००.०० | ०.०० | ६,३५,०२,०००.०० |
| १४००० अन्य राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ६२,५८,२६६.८३ | ०.०० | ६२,५८,२६६.८३ |
| ख. अन्य प्राप्ति | | २५,००,०००.०० | ६१,२८,५०२.०० | | ६१,२८,५०२.०० | ७७,३१,१५७.०० | | ७७,३१,१५७.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | २५,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ३९,०५,२५७.०० | ०.०० | ३९,०५,२५७.०० |
| धरौटी | | ०.०० | ६१,२८,५०२.०० | ०.०० | ६१,२८,५०२.०० | ३८,२५,९००.०० | ०.०० | ३८,२५,९००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ६३,२८,७२,०००.०० | ५३,८०,५२,३१५.५२ | | ५३,८०,५२,३१५.५२ | ४३,४२,२५,५६६.०० | | ४३,४२,२५,५६६.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६३,०३,७२,०००.०० | ५३,१९,६६,२७९.५२ | | ५३,१९,६६,२७९.५२ | ४२,५१,३६,६२४.०० | | ४२,५१,३६,६२४.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,७३,८६,०००.०० | १३,५१,४६,२५९.६३ | ०.०० | १३,५१,४६,२५९.६३ | ४,९२,५८,२९७.०० | ०.०० | ४,९२,५८,२९७.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,६२,८८,४००.०० | १३,५२,४८,७७२.८९ | ०.०० | १३,५२,४८,७७२.८९ | ३,९०,१९,९०५.०० | ०.०० | ३,९०,१९,९०५.०० |
| २५००० सहायता (Subsidy) | १८ | २,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २६००० अनुदान | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | १६,४२,४९,७१३.०० | ०.०० | १६,४२,४९,७१३.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४१,९५,०००.०० | २४,२७,९७७.०० | ०.०० | २४,२७,९७७.०० | ८५,५७,९१८.०० | ०.०० | ८५,५७,९१८.०० |
| २८००० अन्य खर्च | १८ | १९,००,०००.०० | ७,१२,५५०.०० | ०.०० | ७,१२,५५०.०० | ६,५८,२४५.०० | ०.०० | ६,५८,२४५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३०,०४,०२,६००.०० | २५,८४,३०,७२०.०० | ०.०० | २५,८४,३०,७२०.०० | १६,३३,९२,५४६.०० | ०.०० | १६,३३,९२,५४६.०० |
| ३३००० दायित्व | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| घ. अन्य भूक्तानी | | २५,००,०००.०० | ६०,८६,०३६.०० | | ६०,८६,०३६.०० | ४३,४२,२५,५६६.०० | | ४३,४२,२५,५६६.०० |
| कोषहरु | | २५,००,०००.०० | १०,५७,४०९.०० | ०.०० | १०,५७,४०९.०० | ५४,९३,०९८.०० | ०.०० | ५४,९३,०९८.०० |
| धरौटी | | ०.०० | ५०,४३,८२८.०० | ०.०० | ५०,४३,८२८.०० | ३५,९५,८४४.०० | ०.०० | ३५,९५,८४४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१५,२०१.००) | | (१५,२०१.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (६,७०,००,०००.००) | २८,७७,७०९.९९ | | २८,७७,७०९.९९ | १०,२३,९५,९२८.०९ | | १०,२३,९५,९२८.०९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १२,३२,१९,०४३.०० | | १२,३२,१९,०४३.०० | ९,२८,५३,३३९.०० | | ९,२८,५३,३३९.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (६,७०,००,०००.००) | १२,६०,९६,७५२.९९ | | १२,६०,९६,७५२.९९ | १९,५२,४९,२६७.०९ | | १९,५२,४९,२६७.०९ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बैंक तथा नगद बाकी | २४ | | १२,६०,९६,७५२.९९ | | १२,६०,९६,७५२.९९ | १९,५२,४९,२६७.०९ | | १९,५२,४९,२६७.०९ |

## ३७ अन्तरसरकारी वित्तीय अनुदान

उल्लेखित वित्तीय विवरणमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेस नभएकोले वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन ।

| सि.न. | कार्यक्रम/खर्च | निकासा/खर्च |
|---|---|---|
| १ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९९१५५४ |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | ११३९८७५१८ |
| ३ | गरिव संग विश्वेश्वर | ४६३००० |
| ४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ५२७३३२६ |
| | **जम्मा** | १२०७१५३९८ |

## ३८ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ३९ लाख ८७ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु ४ लाख ६३ हजार, आन्तरीक मामिला तथा कानुन मन्त्रालयको रु ९ लाख ९१ हजार र एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु ५२ लाख ७३ हजार समेत गरी रु १२ करोड ०७ लाख १५ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ३९ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.६ करोड ५९लाख ७१ हजार, यस वर्षको प्राप्तिमा रु १२ करोड ०७ लाख १५हजार ,यस वर्षको भुक्तानी रु. १२ करोड ०७ लाख १५हजार र बैङ्क मौज्दातमा रु.६करोड ५९ लाख ५६ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १२३२१९०४३ | ५४०९३००२५ | ५३८०६७५१६ | १२६०९६७५२ |

| | | | | |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | १८९१९१००३ | ६६१६४५४२३ | ६५८७८२९१४ | १९२०५३५१२ |
| फरक | ६५९७१९६० | १२०७१५३९८ | १२०७१५३९८ | ६५९५६७६० |

४० **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१८ करोड ९१ लाख ९१ हजार मौज्दात रहेकोमा यो वर्ष रु.१२ करोड ३२ लाख १९ हजार जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६ करोड ५९ लाख ७२ हजार घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको ।

४१ **कर दायित्व**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व मा रु.(१५२०१) देखाएको छ ।सो सम्बन्धमा हुनु पर्ने

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४१.१ | विभिन्न | १५,२०१ |
| | असुल गर्नुपर्ने | १५,२०१ |

४२ **लेखापरिक्षण सिमा**

यस पालिकाको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८०, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्नेअवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ ।

४३ **आन्तरीक लेखापरिक्षण**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियममितता,मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको महिना दिन भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर दोरम्बा गाउँपालिका यस बर्षको आर्थिक कारोबारको लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरीक लेखापरीक्षण नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

४४ **बचत बजेटबाट ठेक्का**

बागमति प्रदेश सरकारबाट खर्च हुने कार्यक्रमहरुको सम्बन्धमा कार्यान्वयन गर्ने निकायले प्रत्येक आर्थिक वर्षको चैत्र १५ भित्र सो आ व मा खर्च हुन नसकी बाँकि रहेको रकम सम्बन्धित मन्त्रालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । ठेक्का सम्बन्धमा कार्य सम्पन्न भई अन्तिम बिल भुक्तानी नभएसम्म उक्त ठेक्कामा के कति खर्च हुने सो सम्बन्धमा स्पष्ट हुन नसकिने हुँदा आर्थिक वर्षको अन्त्यसम्म सो आयोजनाका लागि छुट्याइएको बजेट बचत भएपनि रकमान्तर गर्नु गराउनु उपयुक्त हुँदैन । पालिकाले यस आ वमा निम्न बमोजिमका कार्यक्रम/आयोजनाका लागि प्राप्त प्रदेश समपूरक बजेटबाट तोकिएका कामका लागि ठेक्का लागीसकेपश्चात बाँकि रहने बचत रकमबाट थप ठेक्का आव्हान गरी रकम खर्च गरेको देखिएको छ । यस्तो खर्च अनियमित हुने हुँदा यसमा सुधार हुनु पर्ने देखिन्छ । यश सम्बन्धि विवरण अनुसुची २ मा छ ।

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४५ **कार्यक्रम अनुगमनः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई सँशोधन गर्न बनेको ऐन २०७७ मा पदाधिकारीहरु ले कार्यक्रम अनुगमन गरे वापत भत्ता पाउने व्यवस्था देखिदैन ।कर्मचारीको हकमा भ्रमण खर्च नियमावली २०६४ को नियम ७ उपनियम ८ मा काठमाण्डौ उपत्यका का वा कुनै प्रशासकिय जिल्लाको सदरमुकाम क्षेत्रबाट १५ किलोमिटर क्षेत्र भित्रमा भत्ता नपाउने व्यवस्था रहेको छ । पालिकाले पालिका स्तरमा नै सञ्चालन भएका सेमिनार गोष्ठ तथा तालिमको अनुगमन भनी भ्रमण आदेश संलग्न गरी पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी गरेको देखिएको छ ।उक्त अनुगमन कार्यमा अनुगमनका सूचक नै तयार नगरी अनुगमन भनी अनुगमनका तस्वीर संलग्न गरी भुक्तानी गरेको देखिएको छ । यस्ताप्र वृत्तिका खर्चलाई न्युनिकरण करण गर्दै कार्य सम्पादन र सूचकमा अधारित रहि अनुगमन प्रणाली स्थापना गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।केही उदाहरण

| गो भौ नं मिति | अनुगमन गरेको कार्यक्रको नाम | रकम |
|---|---|---|
| ३३।२०७९।१०।६ | रोजगार प्रर्वदन प्रधानमन्त्री रोजगार कार्यक्रम | ७४१५३ |
| ११५।२०८०।३।१५ | खायन आलु उत्पादन कार्यक्रम | ३३७५० |
| ११६।२०८०।३।१५ | गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रम | ७०२०० |
| १४१।२०८०।३।२२ | सामि कार्यक्रम | ५८२५० |

४६ **प्रशिक्षक भत्ता**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७को बुँदा नं ७.१. १५को सि नं ४ मा संचालित तालिम तथा  कार्यक्रमको प्रशिक्षक र कार्यपत्र बापत पारीश्रमिक रु १६००। मात्र भुक्तानी लिन पाउने तथा १ दिनमा ४ वटा कक्षा मात्र संचालन गर्न मिल्ले व्यबस्था उल्लेख छ।पालिकाले निम्न कार्यक्रम संचालनमा प्रशिक्षक पारीश्रमिक तोकिएको नम्स र निर्देशिका भन्दा बढी खर्च भुक्तानी गरेको देखियो।नम्स र निर्देशिका भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु

| गो भौ नं र मिति | कार्यक्रम | कार्यक्रम सञ्चालक | बढी भुक्तानी रकम |
|---|---|---|---|
| ३४।२०७९।१०।६ | नमुना युवा संसद अभ्यास कार्यक्रम | धनध्वज लामा शिक्षा अधिकृत | ६४०० |
| जम्मा रु | | | ६४०० |

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर श्री* कालिका मा वि रिष्टेको दाखिला *प्रमाण पेश भएको आधारमा मिति २०८०।०९।२१ को निर्णयबाट रु. २६,४५७।०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४०० |

४७ ठेक्का प्याकेजिङ

........... *(प्रारम्भिक प्रतिवेदन नियमित गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१४ को निर्णयबाट रु. ७,६७,८०,१३४।०० सम्परीक्षण गरिएको ।)*

४८ कर कट्टी

........... (प्रारम्भिक प्रतिवेदन उपर शैलुङ्ग ग्रीन सोसाइटी नेपालको दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।०९।१८ को निर्णयबाट रु. ४६,७१०।०० सम्परीक्षण गरिएको ।)

४९ रितपूर्वकको कर विजक

मूल्य अभिवृद्धि ऐन,२०५२ को दफा १४ बमोजिम मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँगको ढाँचाको कर बिजक बेगर देहायको सप्लायर्स तथा व्यवसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपुर्वकको कर विजक वेगर भुक्तानी लिएकोले मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गो भौ नं र मिति | कर बिजक नं र मिति | फर्मको नाम | भूक्तानी रकम | मू अ कर | कैफियत |
|---|---|---|---|---|---|
| १०५।२०८०।३।७ | २०७९।१२।२ | साथि हार्डवेयर सेन्टर | २४००० | २७६० | विजक केरमेट भएको |

........... (प्रारम्भिक प्रतिवेदन उपर रुपा सुर्के जेभिको प्रमाण पेश भएको आधारमा मिति २०८०।०९।१८ को निर्णयबाट रु.९,५७,०३१।०० सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७६० |

५० बीमा

........... (प्रारम्भिक प्रतिवेदन उपर रुपा सुर्के जेभिको प्रमाण पेश भएको आधारमा मिति २०८०।१०।०४ को निर्णयबाट रु.३,०९,३१२।०० सम्परीक्षण गरिएको ।)

५१ निर्माण व्यवसायीको योग्यता

सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा जारी गरिएको Standard Bidding Document को Section III: Evaluation and Qualification Criteria को 1.3 (In Case, other than Multiple Contracts) मा "Bidders have the option to Bid for any one or more Contracts. The contracts will be awarded to the Bidder or Bidders offering the lowest evaluated cost to the Employer, subject to the selected Bidder(s) meeting the required qualification which shall be the sum of the minimum requirements for respective individual contracts. Under this case, Contract shall be awarded based on Least Cost Combination to the Employer." भनी उल्लेख छ । यस बमोजिम एकै पटक एक भन्दा बढी ठेक्काका लागि कुनै फर्मले बोलपत्र पेश गर्दा उक्त फर्मले सबै ठेक्काका लागि तोकिएको कुल न्युनतम आवश्यकता पूरा गर्न सक्ने योग्यता भएका आधारमा आव्हान गरिएका समग्र ठेक्काहरुको लागि न्युनतम मुल्यांकित कबोल अंक स्वीकृत हुने व्यवस्था रहेको छ । पालिकाले तीन वटा ठेक्का (ठेक्का नं १/०७९।०८०, २/०७९।०८० र ३/०७९।०८०) को मिति २०७९।६।३१ मा एउटै सुचना जारी गरेको छ । उक्त तीन वटै ठेक्काका लागि न्युनतम मूल्यको आधारमा निर्माण व्यवसायी रुपा- सुकैं जे भीको बोलपत्र स्वीकृत भएको छ । प्रत्येक ठेक्कालाई छुट्टा छुट्टै ठेक्काका रुपमा मुल्यांकन गरी निर्णय गरिएको छ । उक्त निर्माण व्यवसायीले सम्झौता गरी तीनै ठेक्काको अन्तिम बिलसम्मको भुक्तानी भइसकेको छ र हाल त्रुटी सच्याउने अवधि रहेको अवस्था छ । यस्तो प्रवृत्तिले निर्माण कार्य अधुरो रहने, भएको निर्माण तोकिएको गुणस्तरको नहुने र त्रुटी सच्याउने अवधिमा देखिनसक्ने कमी कमजोरीलाई निर्माण व्यवसायीले सच्याउने अवस्था नहुन सक्ने तर्फ सचेत भई आगामी दिनमा सुधार हुनुपर्ने देखिन्छ ।

५२ **सुचनाभन्दा फरक सम्झौता**

**.......... (प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०।११।१४ को निर्णयबाट रु.५,०४,१९,५७१ ।०० सम्परीक्षण गरिएको ।)**

५३ **प्रदेश विशेष अनुदानतर्फ**

५३.१ बागमति प्रदेश विशेष अनुदान कार्यविधि, २०७७ को दफा ५ मा अनुदान प्राप्त गर्नका लागि पालिकाले प्रस्ताव पेश गर्दा खुलाउनु पर्ने विषयहरु उल्लेख गरिएको छ । जसबमोजिम आयोजनाको योजना, नक्सा, डिजाइन, स्पेशिफिकेसन सहितको विस्तृत विवरण, आयोजनाको लाभ लागत विश्लेषण विवरण, आयोजना सम्पन्न भएपछि प्राप्त हुने सम्भाव्य प्रतिफलको मापन योग्य विवरण लगायतका विषय खुलाई प्रस्ताव पेश गर्नु पर्दछ । पालिकाले यस आ व मा बागमति प्रदेश सरकारबाट शैलुङ खानेपानी योजनाका लागि विशेष अनुदानका रुपमा रु ५० लाख प्राप्त गरेको छ । पालिकाले विभिन्न साइजका विभिन्न परिमाणका HDPE PN16 पाइप खरिद गर्नका लागि रु ४७९९४६०।२१ को लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट २०८०।१।७ मा स्वीकृत गरी ठेक्का नं DSRM/Goods/NCB/13/079/080 बाट ठेक्का आव्हान गरेको देखिन्छ । पालिकाले यस सम्बन्धमा माग गर्दा यी विवरणहरु पेश हुन नआएकोले यस सम्बन्धमा विश्लेषण गर्न सकिने अवस्था रहेन । कागजात तथा विवरणहरु सुरक्षित राख्ने जिम्मेवारी व्यवस्थापनको हुने हुँदा यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस खानेपानि आयोजनाका लागि वृहत DPR तयार भएको भए तापनि सो को पालना हुन नसकेको मौखिक जानकारी प्राप्त भएको छ । यसरी सामान खरिद गर्ने प्रकृतिको काम सालबसाली रुपमा गर्दा आघिल्लो आ व सम्मको प्रगतिसँग तादात्म्य नहुन सक्ने अवस्था रहने हुँदा काममा दोहोरोपना पर्न सक्ने वा आवश्यक काम छुट्न सक्नेतर्फ सम्बन्धित सबै पक्षको ध्यान जानुपर्दछ ।

५३.२ सार्वजनिक खरिद सम्भव भएसम्म बढी भन्दा बढी प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ । सार्वजनिक खरिद अनुगमन कार्यालयको EGP Portal मार्फत आव्हान गरिएको ठेक्का नं १३ को २०८०।२।११ मा जेनेरेट भएको मुचुल्का बमोजिम जम्मा २ वटा फर्मबाट मात्र उक्त कार्यका लागि बोलपत्र पेश भएको देखिन्छ । सो दुई मध्ये न्युन कबोल गर्ने शैलुङ्गेश्वरी चौरीखोला कन्स्ट्रक्शन कम्पनी प्रा लि को रु ४५६९१३०।८२ बराबरको बोलपत्र स्वीकृत भएको छ । उक्त रकम लागत अनुमानको ४.८ प्रतिशत मात्र कम भएकोले न्युन प्रतिस्पर्धा भएको देखिन्छ । यसरी प्रतिस्पर्धा न्युन हुने गरी आर्थिक वर्षको अन्त्यमा ठेक्का आव्हान गरेको कार्य उपयुक्त देखिएन । यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

५३.३ ठेक्का सम्झौताको पूर्ण पालना हुनुपर्दछ । उक्त ठेक्काको सम्झौतामा सप्लायरलाई पेश्की दिने छैन भनी उल्लेख छ । तर प्रदेश अनुदानतर्फको भौ नं २४ मिति २०८०।२।२९ बाट पेश्की बापत उक्त आपूर्तकलाई रु १०,००,०००।०० रकम भुक्तानी गरिएको देखिएको छ । यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

५३.४ सम्झौतामा उक्त पाइप कुन स्थानसम्प ढुवानी गर्ने स्पष्ट नभएको अवस्थामा कार्यालय परिसरमा ढुवानी हुनुपर्नेमा वडा कार्यालयमा भण्डारण गरिएको तस्विर मार्फत देखाएको छ । उक्त पाइपको भौतिक अवस्था सम्बन्धमा यकिन हुन सकिने अवस्था रहेन ।

५३.५ सार्वजनिक निकायबाट खरिद भएको सम्पत्तिको संरक्षण तथा उपयोग सम्बन्धित निकायबाट हुनुपर्दछ । यस्तै विशेष अनुदानका रुपमा पहरी समुदायको उत्थानका लागि कार्यविधि तयार गरी रु ५० लाख परिचालन गरिएकोमा रु २२ लाख विनियोजन गरी विभिन्न मेशीनरी औजार खरिद गरी जुत्ता सिलाउने तालीम सञ्चालन गरिएकोमा ती उपकरणहरु तथा अन्य सामाग्रीहरुको उचित व्यवस्थापनको योजना बनाउन आवश्यक दखिन्छ । यस्ता प्रकृतिका काम विगत के कति भए सो को समेत अभिलेख राखी रोजगारी सिर्जनामा भएको योगदानको पनि विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ ।

५४ **अनुदान**

✂ ........... **(प्रारम्भिक प्रतिवेदन उपर मिति २०८०।०९।२१ को निर्णयबाट सम्परीक्षण गरिएको ।)**

५५ **पारिश्रमिक कर**

करःआर्थिक बर्ष २०७९।८० को नेपाल सरकारबाट जारी करयोग्य आयको सिमामा एकल व्यक्ति भएमा ५५०००० र दम्पति को हकमा ६००००० को सिमा निर्धारण गरेको छ । पालिकामा कार्यरत निम्नानुसारको कर्मचारीको कर योग्य आयमा पारिश्रमिक कर कट्टा गर्नु पर्नेमा सो गरेको नदेखिएकोले उक्त रकम संघिय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु

| क स | पदाधिकारी को नाम थर | पद | रकम |
|---|---|---|---|
| ४ | शोभा तिमल्सेना | मे अ | ६५८२ |

✂ ........... **(प्रारम्भिक प्रतिवेदन उपर** मिति २०८०-९-१८ मा **नरेश महतो** को ११,३६८ सम्परीक्षण मनासिब देखि फस्यौट गरिएको मिति २०८०-९-१८ मा **पार्वती कडेल** को ६,४३६ सम्परीक्षण मनासिब देखि फस्यौट गरिएको मिति २०८०-९-१८ मा

**रमिला गौतम** को ६,२६५ सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति २०८०-९-१८ मा **राजकुमार श्रेष्ठ** को २,६११ सम्परीक्षण **गरिएको ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५८२ |

५६ **प्रविधि हस्तान्तरणमा लागत सहभागिता**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ मा समुदायमा उद्यमी विकास गर्ने उद्देश्यले प्रविधि हस्तान्तरण गर्न सक्ने व्यवस्था रहेको छ,उक्त प्रविधि हस्तान्तरण कार्यमा लाभग्रहीले कुल मुल्यको २० प्रतिशत बराबर को रकममा सहभागिता गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले यस बर्ष ५लाख ९७ हजार पाँच सय १० बराबरको ३ जना उद्यमी र ३ वटा समूहलाई प्रविधि हस्तान्तरण गरेकोमा लागत सहभागिताको हिस्सा पुष्टि गर्ने प्रमाणहरु पेश हुन नआएकोले पालिकाले यस्ता कार्यक्रम सञ्चालन गर्दा लाभग्रहीको हिस्सा सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान जानु जरुरी छ साथै लाभग्राहीको हिस्सा पुष्टिहुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९७,५१० |

५७ **ताम्वा प्रशिक्षण कार्यक्रम**

**.......... (प्रारम्भिक प्रतिवेदन उपर वढि भुक्तानी भएको रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।०९।१८ को निर्णयबाट रु.३६,०००।०० सम्परीक्षण गरिएको ।)**

५८ **गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा)**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वाप्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ।यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस बर्ष ८ वटा सिपमूलक तालिम सञ्चालन गरीरकम रु २९५०४५६ खर्च गरेको देखिएको छ तर उत्पादित सामान वा वस्तुहरु विक्रि गरी राजस्व दाखिला गर्ने तथा विक्रि नभएका सामान तथा वस्तु स्टोर दाखिला गर्ने गरेको नदेखिएकोले पालिकाको यस तर्फ ध्यान जानु जरुरी देखिन्छ ।

५९ **औषधि खरीद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँ सम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले रु २३७३१८६ को औषधि खरीद गरेको छ। यसमध्ये ११

यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट Specification अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएको,
- Diagepan औषधी ५०० Tab तथा inj खरिद भएकोमा २०० खरिद भएकोमा उक्त औषधि मौजादमा नभएकोले उक्त औषधि माग फाराम हस्तान्तरण भएको प्रमाण पेश गर्नुपर्दछ ।

६० **खरिद आदेश तथा दाखिला**

सार्वजनिक खरिद नियमावली २०६४ नियम ४ मा अधिकार प्राप्त अधिकारको लिखित आदेश विना खरिद गर्न नहुने व्यबस्था रहेको छ । एम.एस.एस कार्यक्रममा अभाव रहेका विभिन्न औषधीहरु विभिन्न मितिका फर्महरु बाट खरिद गरेको देखिन्छ। विभिन्न ३ वटा औषधी पसल सँग १,३४,४०० मा खरिद गरेका औषधि खरिदको लागि खरिद आदेश विना खरिद गरेको तथा खरिद पश्चात दाखिला पनि नभएकोले अनियमित देखिन्छ ।

| | |
|---|---|
| अनियमित भएको | १,३४,४०० |

६१ **स्वास्थ्य तर्फ**

पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|
| अस्पताल | १ | १२ | ७ | २९२३ | १७०००००।०० |
| स्वास्थ्य केन्द्र/चौकी | ५ | २५ | १७ | ८८८३ | |
| आधारभूत स्वास्थ्य केन्द्र | २ | ७ | ७ | २७२४ | |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल र ७ स्वास्थ्य केन्द्र/चौकीमा कुल ४४ दरबन्दी रहेकोमा हाल ३१ कर्मचारी मार्फत सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

६२ **राजभिर छागा घलेडाडा सडक ट्र्याक ओपन**

प्रदेश सशर्त अनुदानबाट वडा नं १ डडुवामा पर्ने सडकको चेनेज नं १+००० देखि १+६८० सम्म ट्र्याक खोल्ने कामका लागि पालिकाको उपभोक्ता समितिसँग २०७९।९।४ मा रु २६६८३२०। को सम्झौता भएको देखिन्छ । २०७९।११।३० सम्ममा काम सम्पन्न गर्नेगरी भएको सम्झौता सम्बन्धमा थप व्यहोरा निम्न छन ।

६२.१ उपभोक्ता समितिद्वारा गरिने कार्यमा सम्भव भएसम्म हेभी मेशिन प्रयोग गर्न नहुने व्यवस्था रहेको छ। कुल २७५४.४०घमी माटो,३१०९.०७घमी साधारण चट्टान र १२३४.०९घमी कडा चट्टान खन्ने कार्यका लागि एक्साभेटर ५०५घण्टा प्रयोग गरि सो को बिल पेश गरे बमोजिम भुक्तानी भएको छ।पूर्णरूपमा मेशीन प्रयोग गरि श्रमदान शुन्य हुने अवस्थामा उपभोक्ता मार्फत कार्य गराउनु अर्थपूर्ण देखिएन।यसमा सुधार हुनुपर्दछ ।

६२.२ उपभोक्ता समिति मार्फत हुने कार्यमा प्रतिस्पर्धा गरिएको हुँदैन । निर्माण व्यवसायी मार्फत कार्य गराउदा लागत अनुमान हेरी तोकिएको विधिबाट प्रतिस्पर्धा गराउने व्यवस्था छ । उपरोक्त कार्यमा निर्माण व्यवसायी एल बि कन्स्ट्रक्सन प्रा लि मन्थलीले एक्साभेटर प्रयोग गरेर काम सम्पन्न गरेको देखिन्छ । यसरी उपभोक्ता समितिसँग सम्झौता गरेकी काम विना प्रतिस्पर्धा निर्माण व्यवसायीबाट हुने र भुक्तानी हुने अवस्थाले घुमाउरो तरिकाले विना प्रतिस्पर्धा निर्माण व्यवसायिले भुक्तानी प्राप्त गर्ने देखिन्छ । यस्तो अवस्थाले उपभोक्ताको योगदानको मर्म विपरीत कार्य हुने तथा प्रतिस्पर्धा संकुचित हुने हुनाले यस्तो प्रवृत्तिमा सुधार हुनु पर्दछ ।

६२.३ उपभोक्ता समितिले सम्झौतामा तोकिएको योगदान व्यहोर्नुपर्दछ । रु २६६८३२० लागत अनुमान भई उपभोक्ताले १०% योगदान व्यहोर्ने गरि सम्झौता भएको यस कामको नापी गर्दा कुल रु २६३२७५०। बराबरको काम भएको देखिन्छ । जस अनुसार उपभोक्ताको योगदान रु २,६३,२०५। हुनुपर्नेमा रु २,४३,३२०। मात्र व्यहोरी रु २३९२०३७। भुक्तानी भएको छ । यसरी बढी भुक्तानी भएको रकम रु २३,१९२। सम्बन्धितबाट असुल हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,१९२ |

६३ **निष्कृय खाता**

**✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर निस्कृय खातामा भएको रकम दाखिला प्रमाण पेश भएको आधारमा मिति २०८०।१०।२३ को निर्णयबाट रु.१६,००,०००।०० सम्परीक्षण गरिएको ।)**

६४ **दोहोरिएको नाम तथा नागरिकता**

**✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर आवश्यक प्रमाण पेश भएको आधारमा मिति २०८०।१०।१० को निर्णयबाट रु.३,०२,३२४।०० सम्परीक्षण गरिएको ।)**

६५ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा वितरण नियमावली २०७७ मा प्रत्येक वर्ष भाद्र महिना भित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नविकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गरी सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ । पालिकाले लाभग्राहिहरुको मुल अभिलेख वडा कार्यालयमा नविकरण गरेता पनि पालिकाबाट प्रमाणित गरेको देखिएन,यस तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ।

६६

संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सार्वजनिक खरिद नियमावली, २०६४को नियम ११२को उपनियम (१)मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले आफ्ना निर्माण सामाग्री, मेशिन औजार, प्लाण्ट लगायतको बिमा गराउनु पर्ने उल्लेख छ । उक्त उपनियमको (घ) मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानि नोक्सानी व्यहोर्ने गरी बीमा गराउनु पर्ने उल्लेख छ । त्यस्तै, उपनियम (२)मा निर्माण व्यवसायीले उपरोक्त बीमाबाट दायित्व वहन गर्नु नपर्ने हानी वा क्षतिका कारणहरु उल्लेख गरिएका छन । कार्यालय प्रमुखको लिखित स्वीकृति बिना बिमाका शर्तमा कुनै परिवर्तन गर्न नसकिने पनि नियममा उल्लेख छ। यस पालिकाको निम्न बमोजिमका को निर्माण व्यवसायी ले पेश गरेको वीमा पोलिसीमा नियमावलीमा उल्लेख भएका कारणहरु बाहेक मनसुनको अवधिमा गरेको कामको जोखिम बहन नगर्ने शर्त (Monsoon Clause) राखी पेश गरेको छ । त्यस्तै अधिकांश बिमा पोलिसीमा इक्युप्मेन्टको रिप्लेसमेन्ट कस्ट खाम्ने गरी गर्नुपर्ने इक्युपमेन्टको बिमा पनि गरेको पाइएन । यसरी निम्न तालीका बमोजिम construction work shall be suspended to month of July to September raining season and subject to the metrological of Nepal government to be strictly followed जस्तो शर्त राखी पेश गरिएको बीमा स्वीकार गर्ने कार्य उपयुक्त नभएकोले यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ
<table>
<tr><th>ठेक्का नं</th><th>निर्माण व्यवसायी</th><th>इन्स्योरेन्स कम्पनिको नाम</th><th>पोलिसि नं</th><th>बिमाङ्क</th><th>विमा प्रिमियम बापत भुक्तानी गरेको रकम रु</th></tr>
<tr><td>DSRM/ Works/NCB/ 01/079/080</td><td>रुपा सुर्के जे भी</td><td>IME General Insurance Limited</td><td>KTM/CAR/F/ 00037/079/080</td><td>३०३९१७३४।९४</td><td>११५३२०।९९</td></tr>
<tr><td>DSRM/ Works/NCB/ 02/079/080</td><td>रुपा सुर्के जे भी</td><td>IME General Insurance Limited</td><td>KTM/CAR/F/ 00036/079/080</td><td>३०४८७४२९।८८</td><td>११५६६१।६०</td></tr>
<tr><td>DSRM/ Works/NCB/ 03/079/080</td><td>रुपा सुर्के जे भी</td><td>IME General Insurance Limited</td><td>KTM/CAR/F/ 00038/079/080</td><td>१९९९९४०९।२४</td><td>७८३२९।५०</td></tr>
</table></td><td>0.00</td></tr>
</table>

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

*आर्थिक बर्ष: २०७९/८०*

कार्यालय र स्थान : दोरम्बा गाउँपालिका, रामेछाप , दोरम्बा शैलुङ गाउँपालिका , रामेछाप

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Puspalal Dhamala | २०७९-११-२२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | असली माया तामाङ | २०७९-४-११ | २०७९-११-२१ |
| लेखा प्रमुख | घनश्याम बेलवासे | २०७७-४-१ | हाल सम्म कार्यरत |

*बेरुजु वर्गीकरण:*

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,५४१,०८३.५ | १३१,३०८,०८८ | २,६२९,१२३ | ० | ० | ० |
| | | | | प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | १३६,४७८,२९४.५ |
| | | | | प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु. | १३४,४७८,२०२ |
| | | | | संपरीक्षणबाट थप भएको बेरुजू रु. | ० |
| | | | | लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | २,०००,०९२.५ |

*स्थानीय तह :*

| गत बर्षको जिम्मेवारी | | १८९१९१००३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३६९७०८५०० | चालु खर्च | २७३५३५५५९ |
| प्रदेश सरकारबाट अनुदान | ६२७३९००० | पूँजीगत खर्च | २५८४३०७२० |
| राजश्व बाँडफाँट | १२०७१५३९८ | वित्तीय/अन्य व्यवस्था | १२६८१६६३५ |
| आन्तरिक आय | १०२३५४०२३ | | |
| अन्य आय | ६१२८५०२.० | | |
| कुल आय | ६६१६४५४२३ | कुल खर्च | ६५८७८२९१४ |
| बाँकी मौज्दात | | १९२०५३५१२ | |

| बचत रकम प्रयोग भएको आयोजना/ कार्यक्रमको नाम | ठेक्का नं | कामको विवरण | सम्झौता मिति | रकम रु | सम्पन्न अवस्था |
|---|---|---|---|---|---|
| गाल्पा दोरम्बा ओखेनी टोकरपुर सडक स्तरोन्नति | ८/०७९।८० | थप चेनेजमा काम | २०८०/२/२ | ४५४०७९०। | सम्पन्न |
| टारपुदितेक्सिङ सानो शैलुङगैश्वारा सडक स्तरोन्नति | ५/०७९।८० | थप चेनेजमा काम | २०७९/१/५ | ७८१८२६७। | सम्पन्न |
| बहखोला गुराँसे र जमन्टार गाल्पा सडक स्तरोन्नति | ६/०७९।८० | थप चेनेजमा काम | २०७९/१२/२७ | ७९६५७७५। | सम्पन्न |